सुनिलस्मृती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं:कृ.शा-९७-२०८१/०८२

च.नं:सूचना

## व्यावसायिक तरकारी प्रवर्द्धन कार्यक्रमको लागि प्रस्ताव आह्वानको सूचना।

प्रथम पटक प्रकाशित मितिः २०८१/१०/३०

यस सुनिलस्मृति गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत लुम्बिनी प्रदेश सरकारबाट सशर्त वित्तीय हस्तान्तरित कार्यक्रम अन्तर्गत कृषि विकास शाखाबाट सञ्चालन गरिने तपसिलमा उल्लेखित कार्यक्रमको लागि यस गाउँपालिकाको वडा नं ५ र ८ का ईच्छुक कृषक/फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८१/११/१५ गते कार्यालय समय) भित्र यस गाउँपालिकाको कृषि विकास शाखामा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ। कार्यक्रम सम्बन्धी विस्तृत जानकारी यस गाउँपालिकाको कृषि विकास शाखा वा ९७६४३३६४७९, ९७४५४०८०८० बाट लिन सकिन्छ।

तपसिल:

| क्र.स. | कार्यक्रमको नाम | सञ्चालन गरिने क्रियाकलापहरु | न्युनतम मापदण्ड | बजेट/अनुदान सीमा |
|---|---|---|---|---|
| १ | व्यावसायिक तरकारी प्रवर्द्धन कार्यक्रम (वडा नं. ५ र ८) | ✓ पलाष्टिक टनेल, बीउ, बेर्ना, प्राङ्गारिक मल, सूक्ष्मतत्व, यन्त्र/उपकरण खरिद,<br>✓ सिंचाईसँग सम्बन्धित यन्त्र उपकरण वा पुर्वाधार निर्माण,<br>✓ बजारिकरण (क्रेट, बोरा, प्याकेजिङ्ग) सहयोग। | ✓ कृषक/फर्मको हकमा न्यूनतम १ रोपनी र समूह सहकारीको हकमा १० रोपनी क्षेत्रफलमा खेति गर्नुपर्ने। | ✓ बीउ, बेर्ना, यन्त्र, उपकरण, उत्पादन सामाग्री र निजी पुर्वाधार निर्माणमा अधिकतम् ५० प्रतिशत,<br>✓ सामूहिक पुर्वाधार निर्माणमा अधिकतम् ७५ प्रतिशत<br>✓ प्रति हेक्टर अधिकतम् रु. १ लाख अनुदान रकम खर्च गर्न सकिने । |

आवश्यक कागजात:

१. प्रस्ताव पेश सम्बन्धि निवेदन। (तोकिएको ढाँचामा)
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
३. व्यवसायिक योजना। (तोकिएको ढाँचामा)
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
५. समूह/संस्था/फर्म दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि।
६. समूह/संस्थाको बैठकको निर्णय प्रतिलिपि।
७. समूह/संस्था/फर्मको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपि।
८. गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
९. जग्गा धनि पुर्जा प्रमाणपत्रको प्रतिलिपि, भाडामा लिएको भए सम्झौता पत्रको प्रतिलिपी।
१०. समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा।

२०८१/१०/३०
नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

*"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प"*